# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौंथो अधिवेशन

## (छत्तिसौं बैठक)

## मिति : २०७६/०६/०६ गते विहान ११.०० बजे

माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम म प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउछु । मिति २०७६/५/१३ विषय प्रमाणिकरण सम्बन्धमा श्री प्रदेश सभा सचिवालय गण्डकी प्रदेश पोखरा प्रस्तुत विषयमा तहाँको पत्र संख्या २०७६/७७ च.नं. ९० मिति २०७६/५/११ को पत्र सहित प्राप्त प्रदेश सभाबाट पारित पारिश्रमीक सुविधा सम्बन्धी केही प्रदेश कानुनलाई संसोधन गर्न बनेको विधेयक मिति २०७६/०५/१३ मा माननीय प्रदेश प्रमुख ज्यूबाट प्रमाणीकरण भएकोले एक प्रति विधेयक यसैसाथ राखेर पठाएको व्यहोरा आदेश अनुसार अनुरोध गरिन्छ ।

माननीय सदस्यहरु, अब म माननीय आन्तरीक मामिला तथा कानून मन्त्री श्री हरि बहादुर चुमान लाई गण्डकी प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेय सम्मानीत सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकार अन्तर्गतको सार्वजनिक प्रशासनलाई पारदर्शी, जवाफदेहि, सहभागितामुलक नगरिक मैत्री बनाउन विधीको शासन भ्रष्ट्र्चार मुक्त र चुस्त प्रशासन, आर्थीक अनुसासन तथा सार्वजनीक कार्य र सार्वजनीक स्रोतको कुशल व्यवस्थापनको माध्ययमबाट सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो बनाउन सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतार्न र प्रशासनलाई सेवा प्रदायक तथा सहजकर्ताको रुपमा रुपान्तराण गरी प्रदेशमा सुशासनको प्रत्याभूति गर्न बाञ्छनीय देखिएको हुँदा प्रस्तुत गण्डकी प्रदेश सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपालको संविधानको धारा १९८ को उपधारा १ तथा गण्डकी प्रदेश प्रदेश सभा

नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म मिति २०७६ साल साउन २० गते बसेको सभाको ३३ औं बैठकबाट दफावार छलफलका लागि विधायन समितिमा पठाइएको गण्डकी विश्वविद्यालयको स्थापना व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयकको प्रतिवेदन सहितको विधेयक सभा समक्ष प्रस्तुत सो समितिका सभापति माननीय श्री मोहन प्रसाद रेग्मीलाई समय दिन्छु।

**माननीय मोहन प्रसाद रेग्मी**

माननीय सभामुख ज्यू, मिति २०७६ साल साउन २० गते बसेको यस सभाको बैठकको निर्णय अनुसार दफावार छलफलको लागि विधायन समितिमा पठाएको प्रस्तुत गण्डकी विश्वविद्यालयको स्थापना व्यवस्थापन र संचालन गर्न बनेको विधेयकका सम्बन्धमा छलफल गर्न मिति २०७६ साल भाद्र ३, ९, १०, १८, १९, २०, २९, ३१ र असोज २, ५ गते समितिको बैठक समितिका माननीय सभापति मोहन प्रसाद रेग्मीको अध्यक्षतामा बसेको थियो । बैठकमा समितिका माननीय सदस्यहरु आशा कोईराला, कृष्णचन्द्र नेपाली(पोखेल), चन्द्र बहादुर बुढा धनन्जय दवाडी, धनमाया पोखेल लामा, पियारी थापा, पुष्पा के.सी. भण्डारी, मणीभद्र शर्मा, मन बहादुर गुरुङ, राजिव पहारी, ललितकला गुरुङ, विष्णु प्रसाद लामिछाने, सावित्रा राना, माननीय आन्तरीक मामिला तथा कानून मन्त्री हरी बहादुर चुमाान एवं विधायन विधेयकका संशोधन प्रस्तुतकर्ता माननीय डोवाटे विश्वकर्मा समेतको उपस्थीत रहेको थियो । समितिको बैठकमा माननीय सदस्य कृष्णचन्द्र नेपाली (पोखेल), मणीभद्र शर्मा, ललिता कला गुरुङ, विष्णु प्रसाद लामिछानेबाट प्रस्तावित विधेयकको दफा ७ को उपधारा २ ग बमोजिम नियुक्त हुने न्यायिक परिषद्का सदस्यको सिफारीस गर्न दफा ७ को उपदफा ४ बमोजिम गठन हुने ३ सदस्य सिफारीस सदस्यमा प्रमुख विपक्षी दलको प्रतिनिधित्व नहुने व्यवस्था प्रति असहमति रह्यो । यस प्रकार विभिन्न मितिमा समितिको बैठक बसी व्यापक छलफल गरी सबैको राय र परामर्शलाई समेत समावेश गरी प्रस्तुत विधेयकका सम्बधमा सर्वसम्मत निर्णय भए बमोजिम संलग्न संसोधन सहितको प्रतिवेदन गण्डकी प्रदेश

प्रदेश सभा नियमावली २०७४ नियम ११९ बमोजिमयस सम्मानित सभा समक्ष पेश गर्दछु । मोहन प्रसाद रेग्मी सभापति विधायन समिति धन्यवाद ।

**माननीय सदस्यहरु अब यो बैठक २०७६ साल असोज ८ गते विहानको ११ बजे सम्मको लागि स्थगित हुन्छ ।**